# पहिचान इ-बुलेटिन

जुलाइ-सेप्टेम्बर, २०२४ वर्ष ३, अंक ९, २०८१



## यसभित्र

लैंगिक हिंसा सम्बन्धी तीनदिने क्षमता अभिवृद्धि तालिम

तारकेश्वर र बुढानीलकण्ठ नगरपालिकामा लैंगिक हिंसाविरुद्धको कार्यक्रम

समावेशी लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यशाला

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनको समीक्षा

विस्तृत कार्ययोजनाका लागि कार्यशाला







# समाचार

## विस्तृत कार्ययोजनाका लागि कार्यशाला

नेपाल अपाङ्ग महिला संघले हिंसा प्रभावित अपाङ्गता भएका महिलाको न्यायका लागि काम गर्न आगामी ४ वर्षका लागि विस्तृत कार्ययोजना तयार पारेर काम सुरु गरेको छ । सीविएम ग्लोवलसँगको सहकार्यमा लैंगिक हिंसाविरुद्ध काम गर्न दुई दिने कार्यशाला आयोजना गरेको थियो ।

उक्त विस्तृत कार्ययोजना नेपाल अपाङ्ग महिला संघको कार्यकारी समितिका पदाधिकारी र सदस्यहरु र संघका कर्मचारीहरुको सहभागितामा तयार पारिएको हो । उक्त कार्यशालामा सीविएम ग्लोवलका तर्फबाट प्राविधिक सहयोग  प्राप्त भएको थियो ।




सिविएम ग्लोबल नेपालका कार्यक्रम अधिकृत रिता गौतम सिविएमले नेपालमा गरिरहेको कामका बारेमा बताउँदै

हिंसा प्रभावित महिलालाई न्याय दिन स्थापित राज्यका सेवा दिने निकायहरु जस्तै पालिकाका न्यायिक समिति, प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC, हिंसा प्रभावित महिलाको पुनर्स्थापनाका लागि निर्मित सुरक्षित आवास गृह, सम्पूर्ण न्यायिक तथा अर्ध न्यायिक निकायहरुको भौतिक संरचना र सेवा प्रदायकको सेवा, सुविधा पहुँचयुक्त बनाउनका लागि क्षमता अभिबृद्धि, पैरवी वकालत, पहुँचयुक्त संरचना निर्माणका लागि प्राविधिक सहयोग गर्ने  र चेकलिष्ट तयार गर्ने, नीति नियमको पुनरावलोकन गर्ने  र  हिंसा प्रभावित महिलाहरूलाई सहयोग र पुनर्स्थापना गर्न पहल गर्ने र सघाउने जस्ता काममा  Action for Justice (A4J) कार्यक्रम केन्द्रित हुनेछ ।

संघले उक्त कार्यक्रम कार्यान्वयनका लागि राज्यका विभिन्न निकाय खासगरी स्थानीय तह,   नागरिक समाज र अपाङ्गता अधिकारमा काम गर्ने संघसंस्थासँग हातेमालो गर्नेछ ।

"२५ वर्षदेखि नेपालमा अपाङ्गता भएका महिलाहरूको अधिकारको प्रवर्द्धन गर्दै : हाम्रो लक्ष्य सबैको लागि समावेशी भविष्य"



## तारकेश्वर र बुढानीलकण्ठ नगरपालिकामा लैंगिक हिंसाविरुद्ध कार्यक्रम सुरु




तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरि महर्जन मन्तव्य राख्दै

नेपाल अपाङ्ग महिला संघले बुढानीलकण्ठ  र तारकेश्वर नगरपालिकामा औपचारिक रुपमा लैंगिक हिंसाविरुद्धको परियोजना कार्यान्वयन सुरु गरेको छ । यसका लागि संघले साउन २ गते बुढानीलकण्ठ र ७ का दिन तारकेश्वर नगरपालिकामा जनप्रतिनिधि र पालिकाका कर्मचारीहरूका लागि  परियोजना परिचयात्मक कार्यक्रमको आयोजना गर्‍यो ।

तारकेश्वर नगरपालिकामा सम्पन्न परियोजना परिचयात्मक कार्यक्रमको  प्रमुख अतिथि प्रमुख कृष्णहरि महर्जन र  बुढानीलकण्ठ नगरपालिकामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि उपप्रमुख अनिता लामा हुनुहुन्थ्यो ।

**लैङ्गिक हिंसा (GBV) प्रभावित अपाङ्गता भएका महिला र बालिकाहरूका लागि पहुँचयुक्त र समावेशी न्याय सुनिश्चित गर्न 'एक्सन फर जष्टिस'**



तारकेश्वर नगरपालिकामा सम्पन्न परियोजना परिचयात्मक कार्यक्रममा बोल्दै प्रमुख कृष्णहरि महर्जनले लक्षित वर्ग र सिमान्तकृत समुदायको जीवन परिवर्तन गर्न यस परियोजना सफल बन्न सक्ने बताउनुभयो । उहाँले नगरपालिकाका सम्वन्धित शाखासँग समन्वय गरेर काम गर्न अनुरोध गर्दै नगरपालिकाको पूर्ण साथ र सहयोग रहने बताउनुभयो ।

तारकेश्वर नगरपालिकाका उपप्रमुख सिर्जना बुर्लाकोटीले नगरपालिकाले अपाङ्गता भएका व्यक्तिलाई घर घर मै गएर परिचयपत्र वितरण गर्ने गरेको जानकारी दिँदै यसक्रममा अति गम्भीर प्रकारको अपाङ्गता भएपनि नीलो रङको परिचयपत्र पाएका अपाङ्गता भएका व्यक्तिलाई उनीहरुले

पाउँदै आएको सेवा सुविधामा थपेर दिने गरेको बताउनुभयो । उहाँले यो परियोजनाले अपाङ्गता भएका हिंसा प्रभावित महिलाको न्यायमा पहुँच पुग्न सघाउने भन्दै कार्यक्रम सफल बनाउन पुरै सहयोग रहने प्रतिवद्धता जनाउनुभयो ।




बुढानीलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामा मन्तव्य राख्दै

यसैगरी बुढानीलकण्ठ नगरपालिकामा आयोजित परियोजना परिचयात्मक कार्यक्रममा बोल्दै उपप्रमुख अनिता लामाले लक्षित समूहको जीवनमा परियोजनाले सकारात्मक प्रभाव पार्नुपर्नेमा जोड दिनुभयो । उहाँले नगरपालिकाले कार्यक्रमलाई सहज रुपमा संचालन गर्न पुर्णरुपमा सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो । उक्त कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुल्सीराम अर्याल, पालिकाका सवै शाखा प्रमुखहरु, अपाङ्गता समन्वय समितिका सदस्य, बुढानीलकण्ठ नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरु, नेपाल अपाङ्ग महिला संघका पदाधिकारी र कर्मचारी गरी ४२ र तारकेश्वर नगरपालिकाका वडा अध्यक्षहरु, कर्मचारी,अपाङ्गता अधिकारकर्मी, संघका पदाधिकारी र कर्मचारी गरी ४६ गरी ८८ जनाको सहभागिता थियो ।

कार्यक्रममा परियोजना संयोजक आयुष्का श्रेष्ठले दुवै नगरपालिकामा गरिने गतिविधि र बजेटका बारेमा जानकारी दिनुभएको थियो । यसैगरि अध्यक्ष टीका दाहालले परियोजनाको उद्देश्यका बारेमा प्रकाश पार्नुभएको थियो ।

संघले सीविएम ग्लोवलसँगको सहकार्यमा सन २०२४ देखि २०२७ सम्म बुढानीलकण्ठ र तारकेश्वर नगरपालिकामा हिंसा प्रभावित अपाङ्गता भएका महिलाको लैंगिक हिंसाविरुद्ध न्यायमा पहुँच पुर्‍याउनका लागि काम गर्न Action for Justice (A4J) परियोजना सुरु गरेको छ ।



नेपाल अपाङ्ग महिला संघका अध्यक्ष  टीका दाहाल एशिया प्यासिफिक ओमेन्स ल एण्ड डेभलपमेण्ट (APWLD) ले  सेप्टेम्बर १२ देखि १४, २०२४ सम्म  थाइल्याण्डको च्याङमाइमा   आयोजना गरेको एशिया प्यासिफिक फेमिनिष्ट फोरममा नेपालमा अपाङ्गता आन्दोलनका बारेमा विचार राख्दै

---

## सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐनको पुनरावलोकन



सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनको समीक्षाको अन्तिम मस्यौदा सार्वजनिककीकरण समारोहमा सरोकारवालाहरु

नेपाल अपाङ्ग महिला संघले युएनडिपीसँगको साझेदारीमा समीक्षा र पुनरावलोकन गरेको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को तीन महलेको अन्तिम मस्यौदा सरोकारवालाहरु माझ सार्वजनिक गर्‍यो । अपाङ्गता अधिकारकर्मी तथा अनुसन्धानकर्ता मनिष प्रसाईँले उक्त ऐनको विश्लेषण गरी तीन महले तयार पार्नुभएको हो । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५ को अपाङ्गता भएका महिलाहरूको दृष्टिकोणबाट पुनरावलोकन गरिएको हो। उक्त तीन महले अपाङ्गता अधिकारमा काम गर्ने संघ संस्थाका प्रतिनिधि कानुनविज्ञ, प्रदेश तथा संघीय सांसदहरुबीच विभिन्न चरणमा छलफल गरी अन्तिम रुप दिइएको थियो । यसक्रममा सरोकारवालाहरुले अपाङ्गता भएका महिलाका दृष्टिकोणबाट सुझावहरु दिएका थिए ।



**५० प्रतिशत भन्दा बढी अपाङ्गता भएका किशोरीहरू अझैपनि आवश्यकता अनुसारको गर्भ निरोधक साधन पहुँच भन्दा बाहिर छन् ।**

अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूका लागि स्वास्थ्य संस्थाका भौतिक संरचना र सेवा सुविधा, अस्पतालका कर्मचारी र स्वास्थ्यकर्मीहरु अपाङ्गता सम्वेदनशील नहुँदा सेवा लिने क्रममा समस्या आउने गरेको साथै सूचना तथा सञ्चार पहुँचयुक्त नहुँदा यौन तथा प्रजनन स्वास्थ्यको अधिकारको प्रयोगबाट वञ्चित भएको अनुभव साझा गर्दै यी समस्यामा काम गर्नु जरुरी रहेको बताएका थिए ।

नेपालमा मातृ मृत्युदर, प्रजनन स्वास्थ्य, प्रजनन स्वास्थ्यमा नेपालको अवस्था, अपाङ्गता भएका महिलाहरूको प्रजनन अवस्था, नेपालको संविधान २०७२ को धारा ३८ ले गरेको व्यवस्था, प्रत्येक महिलाले पाउनुपर्ने यौन तथा सुरक्षित मातृत्वको अधिकारलगायतका विषय स्वास्थ्यको अधिकारका व्यवस्थाले अपाङ्गता भएका महिलाका विषयलाई कति र कसरी समेटेको छ भन्ने विषयमा विश्लेषण गरी तीन महलेमा समेटिएको छ ।



सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को तीन महलेमा सुझाव लिने क्रममा सांसदहरु

साथै अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूका लागि स्वास्थ्य संस्थाका भौतिक संरचना र सेवा सुविधा, सूचना तथा सञ्चार पहुँचयुक्त नहुँदा यौन तथा प्रजनन स्वास्थ्यको अधिकारको प्रयोगबाट वञ्चित भएको कुरा विस्तृत जानकारी गराउनुभएको थियो । कार्यक्रममा ५० प्रतिशत भन्दा बढी अपाङ्गता भएका किशोरीहरू अझैपनि आवश्यकता अनुसारको गर्भ निरोधक साधन पहुँच भन्दा बाहिर रहेको देखिएको छ । साथै अपाङ्गता भएका महिलाको सहमतिविना अभिभावकले परिवार नियोजनका साधनहरु लगाइदिने गरेको बताइएको थियो ।

सहभागीहरुले विश्वव्यापी मापदण्डअनुसार नै स्वास्थ्यलगायत सवै निकायहरू पहुँचयुक्त बनाइनुपर्ने, अपाङ्गता भएका महिलाले भोग्न परेका अवरोधहरू हटाइनुपर्ने, स्वास्थ्यकर्मी तथा सरोकारवाला निकायहरूमा अपाङ्गता संवेदनशील बनाइनुपर्ने बताए । छलफलका क्रममा सांसदहरुले तीन महलेमा उल्लेखित अपाङ्गता भएका महिलाका सवाललाई संसदीय समितिमा र संसदमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार विधेयक छलफलका लागि प्रस्तुत हुँदा समेट्नका लागि आवाज उठाउने प्रतिवद्धता व्यक्त गरेका थिए ।

## ***बहिनीको अभिभाकत्वले सिकायो अपाङ्गताको सवाल***



स्मृति चापागाई स्ववकालतकर्ता

म एलिजा चापागाईं। मेरो वौद्धिक अपाङ्गता भएकी ३६ वर्षिया बहिनी छन्। उनी अहिले मेरो संरक्षणमा भएकाले सम्पूर्ण हेरचाह मैले नै गरिरहेकी छु । म बौद्धिक अपाङ्गता भएका महिलाको प्रतिनिधित्व गर्दै उनीहरुको अभिभावकका रुपमा नेपाल अपाङ्ग महिला संघको कार्यसमिति सदस्य छु ।

कार्यसमितिमा आएपछि मलाइ बौद्धिक अपाङ्गता सँगसँगै अन्य अपाङ्गताका सवालहरु बुझ्न धेरै सहयोग भएको छ । अपाङ्गता भएका महिलामाथि हुने हिंसा, कानुनी अधिकार, राज्यले उनीहरुलाई दिदै आएका सेवा सुविधालगायतका धेरै कुराहरु बुझ्ने जान्ने अवसर मिलेको छ जुन पहिला मलाइ धेरै कुरा थाहा थिएन ।

म नेपाल अपाङ्ग महिला संघले आयोजना गरेका हरेक कार्यक्रममा सहभागी हुँदै आएकी छु । केही कार्यक्रममा बहिनीलाई पनि सँगै लिएर जाने गरेकी छु ।

उनी सवैसँग छिटै घुलमील हुन्छिन् । कार्यक्रममा छलफलमा पनि सहभागी हुन्छिन् । अन्य सहभागीलाई सहयोग गर्छिन् । एकपटक भेटेको मान्छेलाई अर्कोपटक भेट्दा उनले तुरुन्तै चिनिहाल्छिन् ।तर पढेको कुरा सम्झिरहन उनलाई गाह्रो हुन्छ । एउटै कुरा पटक पटक भन्नुपर्छ । कार्यक्रममा लिएर हिंड्दा उनले नयाँ मान्छे भेट्छिन् नयाँ ठाउँ देख्छिन् । यसले उनलाई फरक वातावरणमा घुलमिल हुन र फुर्तिलो हुन सघाएको छ ।

वहिनीले आफ्नो दैनिक जीवनका कृयाकलापहरु आफै गर्न नसक्ने भएकाले उनका सवै काम हामीले नै गर्दै आइरहेका छौं । उनलाई झट्ट हेर्दा फुर्तिली सवै कुरा गर्न सक्ने जस्तो देखिएपनि उनको वौद्धिक क्षमतामा सिमितता भएकोले हेर्दा वाहिरवाट जे आंकलन गर्न सकिन्छ त्यो विलकुल छैन ।

उसले आफ्ना सामान्य जस्तै लुगा लगाउने खाने सरसफाइ जस्ता काम समेत उसले आफै गर्न सक्दिनन् । वच्चालाई जस्तै उनलाई सवै स्याहारसुसार गर्नुपर्छ ।

झट्ट हेर्दा अपाङ्गता नदेखिने भएकाले उनको परिचयपत्र बनाउन निकै झण्झट भयो । सवै भन्दा धेरै डाक्टरको सिफारिस लिन गाह्रो भयो ।

सिफारिसका लागि वीर अस्पतालमा डाक्टर भेट्न नै धेरै धाउनुपर्यो । चौंथो दिन भेट भएपछि न्युरो डाक्टर सुनिल कोईरालाले वौद्धिक अपाङ्गताको बारेमा आफूले नहेर्ने बरु यो मानसिक रोग भएकाले मनोचिकित्सकले हेर्ने भन्दै मानसिक रोग विशेषज्ञ कहाँ सिफारिस गरिदिनुभयो । अर्को दिन हामी वीर अस्पतालमै मनोचिकित्सकलाई भेट्न गयौं र आफ्ना कुरा राख्यौं ।


हाम्रो समस्या सुनिसकेपछि उहाँले समेत समस्या मानसिक भएकाले उसलाई मानसिक अस्पताल लगनखेल लैजान सल्लाह दिनुभयो । उहाँको कुरा सुनेर मेरो आङ सिरङ्ग भयो ।

मैले उहाँले बैनीको समस्या बारेमा फेरी बुझाउने कोशिस गरें । यो समस्या मानसिक हैन । अरुको जसरी उसको बौद्धिक विकास नभएको र उसमा यो अवस्था भएको कुरा उहाँलाई बुझाउने कोशिस गरें । तर उहाँले उल्टो ठुला ठुला आँखा पार्दै मलाइ तपाइ जान्ने कि म म भन्दै थर्काउनुभयो । म त उहाँ कै अगाडी रुन पुगेछु । म रोएको देखेर बहिनी पनि रुन थाली ।

बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता हो भनेर प्रमाणित गर्न निकै समस्या छ । नेपाल अपाङ्ग महिला संघले आयोजना गर्ने कार्यक्रम र अन्य पैरवीका कार्यक्रममा सहभागी हुँदा धेरै कुरा बुझेको र आफू शसक्त भएको महसुस भएको छ । यदि म संघमा आवद्ध भएपछि बहिनीको परिचयपत्र लिन जान्थे भने धेरै कुरा बुझाउन सक्थे होला भन्ने लाग्छ ।

संघले आयोजना गरेका लैंगिक हिंसाविरुद्धका कार्यक्रममा सहभागी भएपछि समावेशीतालगायतका धेरै विषयमा जानकारी भएको छ । अपाङ्गता भएका महिलाहरु हिंसाको धेरै जोखिममा भएका कुराले चिन्तित पनि बनाउँछ ।

नोट : यो सामग्री स्मृति चापागाईं की दिदी एलिजा चापागाईंसँग कुराकानी गरेर तयार पारिएको हो ।





*NCE, GAN* र *NDWA* का प्रतिनिधि  शिक्षामा नागरिक समाजको सहभागिताका विषयमा  *CEHRD* का शाखा अधिकृत दिपक माझीसँग छलफल गर्दै

## शिक्षामा नागरिक समाजको सहभागिता

शिक्षाका लागि राष्ट्रय अभियान नेपाल *National Campaign for Education (NCE)* ले ग्लोबल एक्सन नेपाल *(GAN)* र नेपाल अपाङ्ग महिला  संघ *(NDWA)* सँगको साझेदारीमा शिक्षामा नागरिक समाजको सहभागिता नामक परियोजना  कार्यान्वयन गरिरहेको छ।  उक्त परियोजनामार्फत नागरिक समाज  संगठन *(CSOs)* ले शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व प्रवर्द्धन गर्दै शिक्षा क्षेत्रमा आफ्नो संलग्नता र योगदान बढाउन  केन्द्रित गर्नेछ ।

सांसदहरू, राजनीतिक दलहरू, शिक्षा  क्षेत्रका  विशेषज्ञहरू र व्यवसायीहरूसँग सहकार्य संलग्नता मार्फत यस परियोजनाले शिक्षामा लैङ्गिक समानता र समावेशीकरणलाई  प्राथमिकतामा राखी  सबै तहमा नीति, योजना र कार्यक्रममा प्रतिविम्वित गर्ने लक्ष्य राखेको छ।   समावेशी र लैङ्गिक उत्तरदायी शिक्षा प्रणाली सुनिश्चित गर्न र  कुनैपनि बालबालिका  शिक्षाको अधिकारबाट वञ्चित नहुन भन्ने उद्देश्यसहित उनीहरूको सक्रिय सहभागिता र  नेतृत्वको सुनिश्चित गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको छ।

उक्त परियोजना दुई प्रदेशका छ वटा जिल्लामा कार्यान्वयन हुनेछ ।  मधेस प्रदेशका सिराहा, धनुषा, रौतहट गरी तीन  र कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालिकोट गरी छ वटा जिल्लाका  १२ वटा  पालिका र सङ्घीय तहमा वकालत / पैरवी गरी काम गर्नेछ ।

## कार्यशाला सम्पन्न

यही परियोजना अन्तर्गत  १४ असोज २०८१*(*३० सेप्टेम्बर २०२४*)* मा मधेश प्रदेशअन्तरगत रौतहटको चन्द्रनिगाहपुरमा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) स्थानीयकरण सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गरियो  ।



रौतहटमा आयोजित कार्यशालामा सहभागीहरु समूहमा छलफल गर्दै

यस कार्यशालामा शिक्षा क्षेत्रमा रहेका विभिन्न चुनौतीहरु र तिनका समाधानमा नागरिक समाजको भूमिका माथि विशेष छलफल गरिएको छ ।

कार्यशालामा विद्यालय शिक्षा क्षेत्रमा नागरिक समाजले खेपिरहेका प्रमुख चुनौतीहरुमा बजेटको अभाव, नीति निर्माण र कार्यान्वयनमा समस्याहरू, भौतिक पूर्वाधारको अभाव, शिक्षकको कमी, अभिभावक–शिक्षक समन्वयको अभाव, र बालमैत्री शिक्षा प्रणालीको अपर्याप्तता जस्ता विषयहरू उठान गरियो । यस्तै, अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा पहुँच अभाव र स्कूलस्तरमा विशेष कक्षाको अभावले अपाङ्गता भएका बालबालिकाहरु शिक्षाको अधिकारबाट वञ्चित रहेको कार्यक्रममा सहभागीले बताएका थिए ।

नागरिक समाजका प्रतिनिधिहरूले शिक्षा क्षेत्रमा उत्पन्न यी चुनौतीहरूको समाधानका लागि जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, स्थानीय सरकारसँग सहकार्य गर्दै बजेट सुनिश्चित गर्ने, शिक्षक दरबन्दी पूर्ति गर्ने, र अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी विशेष कक्षा सञ्चालनको आवश्यकता रहेको बताए ।

## अनुरोध

**नेपाल अपाङ्ग महिला संघका बारेमा सुझाव सल्लाह र इ-बुलेटिनका बारेमा प्रतिक्रिया छ भने कृपया तलको ठेगानामा सम्पर्क गर्नुहोला ।**

# समावेशी शिक्षाको प्रवर्द्धन गर्न नागरिक समाज अग्रसर



"ACCESS – Accelerating Civil Society's Role in Securing Education for All" परियोजना सञ्चालनका लागि नेपाल अपाङ्ग महिला संघले परियोजनाका बारेमा संघको केन्द्रीय कार्यालयमा कर्मचारीहरुलाई अभिमुखिकरण गर्दै

नेपाल सरकारद्धारा सबै बालबालिकाका लागि निःशुल्क शिक्षा सुनिश्चित गर्ने भनिएता पनि अझै पनि धेरै बालबालिका विशेष गरी अपाङ्गता भएका र विद्यालय बाहिर रहेका बालबालिकालाई हाल पनि शिक्षा को अधिकार पाउनबाट वञ्चित भईरहेका छन् । यसै समस्यालाई समाधान गर्ने हेतुले नेपाल सरकारले शिक्षामा पहुँच, समानता र गुणस्तर सुधार गर्न २०२१ मा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ल्याएको थियो । यद्यपी, स्थानीय सरकारहरूले यस योजनालाई प्राथमिकतमा राख्दै प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गरेको देखिदैंन ।

यसै सन्दर्भमा समावेशी शिक्षाको प्रवर्द्धन गर्न,यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय तथा स्थानीय सरकारका प्रयासलाई थप सहयोग गर्नका लागि नागरिक समाजका तर्फबाट पनि महत्वपूर्ण प्रयासहरु भइरहेका छन् । यही प्रयासलाई थप सघाउन पिपुल इन नीडद्वारा शिक्षाका लागि राष्ट्रिय अभियान, नेपाल अपाङ्ग महिला संघ र एकाउन्टेबिलिटी ल्याब नेपालसँगको साझेदारीमा साथै यूरोपियन यूनीयनको आर्थिक सहयोगमा "ACCESS – Accelerating Civil Society's Role in Securing Education for All" परियोजना सञ्चालन भईरहेको छ ।

यस परियोजनाले समतामूलक शिक्षामा नागरिक समाजको क्षमता अभिवृद्धि गर्दै नागरिक समाजद्वारा मधेस प्रदेश, कर्णाली र सुदूरपश्चिम गरी तीनवटा प्रदेशका ६० वटा स्थानीय सरकारमा रहेका सिमान्तकृत बालबालिकाहरुको शिक्षा अधिकार सुनिश्चित गर्ने छ । यस परियोजनाको अवधी मे २०२४ देखि अक्टोबर २०२७ सम्म रहेको छ ।

यी ३ वटा प्रदेशमा यो परियोजना कार्यान्वयन गर्नका लागि नेपाल अपाङ्ग महिला संघले कर्मचारी छनोट गरी परियोजनाका बारेमा अभिमुखिकरण सम्पन्न गरेको छ ।

## सञ्जालमा आवद्धता र गतिविधिमा सहभागिता

नेपाल अपाङ्ग महिला संघ महिलाहरुको अन्तर्राष्ट्रिय सञ्जाल The Association for Women's Rights in Development (AWID) को सदस्य भएको छ । उक्त सञ्जालले विश्वव्यापी रुपमा महिला आन्दोलन, लैंगिक न्याय र यसका रक्षकहरुको शसक्तिकरण गर्दै आएको छ । उक्त सञ्जालमा १८० देशका ६ हजार भन्दा धेरै सदस्य रहेका छन् । यसैगरी संघको नागरिक समाजका विभिन्न राष्ट्रिय सञ्जालहरुमा पनि आवद्ध छ । ती सञ्जालले गर्ने हरेक गतिविधिमा संघका पदाधिकारीहरुको सक्रिय सहभागिता रहँदै आएको छ ।



दिगो विकास राष्ट्रिय सञ्जालको वैठकमा नेपाल अपाङ्ग महिला संघका अध्यक्ष टीका दाहाल र सचिव सुनिता थापा



सामाजिक सुरक्षा नागरिक सञ्जालले आयोजना गरेको विपद उत्तरदायी सामाजिक सुरक्षा सम्बन्धी पाँच दिने प्रशिक्षक प्रशिक्षणमा सहभागी हुँदै संघका महासचिव देवु पराजुली



अन्तरपुस्ता महिलावादी सञ्जालको स्टिरिङ कमिटीको बैठकमा संघका अध्यक्ष टीका दाहाल

# सम्पर्क


## Central office, Kathmandu

Nepal Disabled Women Association (NDWA)

Kalopul Marga, Kalopul, Kathmandu, Nepal,

Phone: 00977-01- 4535131

Email: ndwa.2009@gmail.com

Website: www.ndwa.org.np

## Provincial Office

Nepal Disabled Women Association (NDWA)

Kanchanpur

Phone:9848715561

Email: anitadhungana.ndwa@gmail.com

Nepal Disabled Women Association (NDWA)

Morang

Phone:9852057011

Email: ndwa.er@gmail.com